**भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका  किशोरी सशक्तिकरण कार्यक्रम (संचालन) कार्यविधि २०७६**

**नियम नं.**

(जारी गरिएको मिती २०७६)

**प्रस्तावनाः**

भोकमरी अन्त्य सहभागितम बृद्धि र दिगो विकासको लक्ष्य हाँसिल गर्न महत्वपुर्ण पक्ष शिक्षा र शसक्तिकरण हो । शिक्षा क्षेत्र कमजोर भए मात्रै गरीएका विकास र भावी योजनाहरु दिर्घकालीन रुपमा संचालन हुन सक्दैनन् । सकारात्मक भावना जागृत गर्नका लागी शिक्षाले अहम् भूमीका खेल्दछ ।

पलाँता गाउँपालिकामा हाल करीव ८०% महिला निरक्षर रहेको छ  जस मध्ये ३०%किशोरीपर्दछन । यहाँ सामाजिक रुढीवादी परम्परा र अन्धविश्वास कायमै रहेको छ । निरक्षरताका कारण स्वास्थ्य, शिक्षा, रोजगारी तथा विकास निर्माणका हरेक कार्यमा प्रत्यक्ष असर परीरहेको हुन्छ । निरक्षरताका कारण वालविवाह अनमेल विवाहा अकालमा मृत्यूजारी प्रथा, धामी झाँक्री, बोक्सी देवतामा विश्वास जस्ता रुढीवादी अन्धविश्वासले सामाजीक विकासमा बाधा पुगीरहेको छ । निरक्षरताका कारण नयाँ प्रवधीको प्रयोग गर्न र समायानुकूल परीवर्तन हुन नसक्नाले समुदायका अधिकांश किशोरीहरु वाल्यकालमै वैवाहिक घरमा सीमीत भई व्यक्तिगत विकासमा पछी परेका छन् । आवश्यक ज्ञान, महिला अधिकार, मानव अधिकार र घरेलु हिंसाको जानकारी नपाएका कारण पुरुष नै सर्वेसर्वा हुन् भन्ने मान्यताले संकुचीत भई जघन्य अपराध समेत लुकाएर दासी जीवन विताई रहेको अवस्था छ ।

तसर्थ यस क्षेत्रका किशोरीहरुलाई छलफल सम्वाद शिक्षा प्रदान गरी साक्षरता बृद्धी गराई किशोरीका हक, अधिकार र किशोरी सशक्तिकरणका साथै आय आर्जनका क्रियाकलापहरु संचालन गरी पलाँताको भोकमरी अन्त्य गर्न तथा न्युनिकरणमा टेवा पु¥याउने उदेश्यले किर्डाक नेपालले पलाँता गाउँपालिका अन्तर्गत साविकका धौलागोह र खिन गाविसमा संचालन गरेको बिकट हिमाली जिल्लाका किशारीहरुका लागि पहुँच र अवसर परियोजनाको प्रभावकारीतालाई निरन्तरता दिन पलाँता गाउँपालिकाले नेपालको संविधानको अनुसुची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ उपदफा २र ४ बमोजिम भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका  किशोरी सशक्तिकरण कार्यक्रम (संचालन) कार्यविधि २०७६तयार गरि लागु गरिएको छ ।

उदेश्यः

- किशोरी साक्षरता कक्षा संचालन गरी महिलाका हक अधिकारका साथै किशोरीलाई आर्थिक रुपमा सम्पन्न गर्नकालागि आयआर्जन क्रियाकलापका
- भोकमरी अन्त्य र गरीवी न्यूनिकरणका लागि किशोरीलाई सवाङ्गिण विकास गर्न स्थानिय स्तरबाट किशोरी सशक्तिकरणका लागि
- रोजगारीको सृजना गरी भोकमरि अन्त्यका लागि गरीवी न्यूनिकरणमा टेवा पुर्याउने
- नेतृत्व विकास गरि सशक्त सार्थक सबल सहभागितामा सहयोग पुर्याउने
- अधिकारकालागि सुसुचित गरि सक्षम जनशक्ति निर्माणमा टेवा पुर्याउने

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्याविधिको नाम "भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रम (संचालन) कार्यविधि २०७६" रहेको छ ।

(ख) यो कार्याविधि पलाँता गाउँकार्य पालिका बाट स्विकृत भएपछि लागुहुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्याविधिमाः

(क) "गाउँपालिका" भन्नाले पलाँता गाउँपालिका लाई सम्झनु पर्छ ।

(ख) "स्थानीय सरकार" भन्नाले गाउँपालिका/अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिकाले तोकेको प्रमुख ब्यक्तिलाइ जनाउने छ ।

(ग) "पदाधिकारी तथा सदस्य"भन्नाले गाउँ कार्यपालिकाका पदाधिकारी एवम् सदस्यलाई जनाउने छ ।

(घ) "परियोजना"भन्नाले भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रम संचालन योजनालाई जनाउने छ ।

(ङ) "परियोजना इकाइ" भन्नाले गाउँ कार्यपालिका अन्र्तगत रहने भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रमसंचालन गर्ने समूह/इकाइ लाइ जनाउने छ ।

(च) "परियोजना निर्देशक" भन्नाले भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रम संचालनका लागि तोकिएको प्रमुख ब्यक्तिलाइ सम्झनु पर्ने छ ।

(छ) "कर्मचारी" भन्नाले भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रमका कर्मचारीलाइ जनाउने छ ।

(ज) "नियमानुसार"भन्नाले पलाँता गाउँपालिकाको स्थानीय कानून, नीति, नियम, बार्षिक कार्यक्रम तालिका र कार्याविधि समेतलाइ बुझाउने छ ।

(झ) "तोके वा तोकीए बमोजिम" भन्नाले कुनै कार्यक्रम संचालनका लागि तोकिएको ब्यक्ति वा कार्यक्रम र बजेट समेतलाइ जनाउने छ ।

(ञ) "साझेदार संस्था" भन्नाले कार्यक्रम संचालन गर्नका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराउने सस्थालाई जनाउने छ ।

पलाँता गाउँपालिका

## परिच्छेद २

## कार्यक्रमको छनोट र संचालन सम्बन्धी व्यवस्था

**३.कार्याविधिको उदेश्यः**

गाउँपालिकाले २०७६/०७७मा भोकमरी अन्त्य र सहभागिता बृद्धिका लागि पलाँताका किशोरी सशक्तिकरण कार्यक्रममा विनियोजित बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।

**४.कार्यक्षेत्रः**

यस कार्यक्रमको कार्यक्षेत्र पलाँता गाउँपालिका भित्रका किशोरीहरुका लागि लक्षित हुने छ ।

**५.लक्षित समुहः**

पलाँता गाउँपालिकामा रहेका ।।।।।।।।।।।।। उमेर समुहका किशोरीहरु यस परियोजनाका लक्षित वर्ग हुन् । साविकका गाविसलाई क्लष्टर मानेर कार्य संचालन गर्ने गरी साविक वडाहरुमा कम्तीमा १५ देखि २० जना किशोरीहरुको सम्बाद समूह स्थापना हुन्छ । जसमा सहजीकरण गर्ने एक जना सहजकर्ता रहने छ । प्रत्येक किशोरी समुहमा कम्तिमा १५ जनाका दरले एउटा वडामा २ देखि ३ वटा सम्म किशोरी समुहमाआवद्ध हुने छन् भने साविकको थिर्पु गा वि सका ९ वटै वडाहरुमा जम्मा ४५ देखि ६० जना किशोरीहरु लक्षित गरी कार्यक्रम संचालन हुनेछ।

(क) प्राथमीकता

- ।।।।। उमेर समुहका किशोरीहरु
- बिचमा पढाइ छोडी घरमै बसेका
- दलित समुहका
- अपांग भएका
- आर्थिक अवस्था कमजोर भएका घरपरिवारबाट

(ख) थप प्राथमीकता

- वडामा रहेको सबै ।।। उमेर समुहका किशोरीहरु अन्तरक्रिया, कार्याशाला गोष्ठी, युवा लक्षित कार्याशाला गोष्ठी, विदशिय कार्यक्रम एवं विद्यालय भेटघाट मार्यक्रम मा सहभागी हुने छन् ।
- स्थानिय स्तरका सरोकारवालाहरु सबै किशोरी शसक्तिकरणका कार्यक्रममा सहभागी भई सामाजिक विकासमा सकारात्मक टेवा पुगाउने छन् ।
- जन प्रतिनीधी, स्थानीय स्तरका राजनैतकि दल, सामुदायीक संस्थाका प्रतीनिधीहरु पैरवी योजना कार्यान्वयनकालागी सकारात्म भूमीका निर्वाह गर्ने छन् ।
- लक्षित वर्गका २५ % किशोरीहरु आयआर्जन क्रियाकलाप संचालन गरी आत्म निर्भर हुन सक्षम भएका हुने छन् ।

**६.परियोजना इकाइ गठन र कर्मचारीको ब्यवस्थापनः**

**(क) इकाई गठन तथा कार्यक्रम संयोजकः**परियोजना कार्यान्वयनलाई प्रभावकारी रुपमा संचालन गर्न पलाँता गाउँपालिकाको कार्यालय अन्त्रतगत रहने गरी छुट्टै कार्यक्रम संचालन इकाई रहने छ । प्रमुखप्रशासकिय अधिकृतको मातहतमासो इकाइको प्रमुख परियोजना निर्देशकहुनेछ ।

पलाँता गाउँपालिका

**(ख) कर्मचारी नियुक्तिः**यस परियोजना ईकाईका लागी आवश्यक जनशक्ति स्थानीय तहमा करार जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७४ वमोजिम ७ दिने सार्वजनिक सूचना टाँस गरी खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी करार सेवामा नियुक्ती गरिने छ । ईकाईको कर्मचारीको दरबन्दी निम्नाअनुसारको हुने छ ।

| क्र स | पद | संख्या |
|---|---|---|
| १ | परियोजना सुपभाइजर | १ |
| २ | सहजकर्ता | 6 |
| | जम्मा | 7 |

(ग) कर्मचारीको योग्यताः

सुपरभाइजरः मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तिण गरी एक बर्षको कार्याअनुभव भएको हुनु पर्ने छ ।

सहजकर्ताः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस ई ई सरह उत्तीण गरी छ महिनाको कार्याअनुभव गरेको हुनु पर्ने छ ।

कुनैपनि कर्मचारीले आफ्नो शैक्षिक योग्यताका आवश्यक कागज पत्र र मासिक प्रगती प्रतिवेदन सम्बन्धीत निकायमा पेश नगरि तलव भत्ता खान पाउने छैन । आवश्यक कागज पत्र तथा प्रगती प्रतीवेद आफुभन्दा एक तह माथिको कर्मचारी बाट स्विकृत गरी वा तोकीएको कर्मचारी बाट स्विकृत गरी सम्बन्धीत निकायमा पेश गर्नु पर्ने छ ।

**७.परियोजना संचालन प्रक्रियाः**

**परियोजनको अभिमुखीकरणः** परियोजनाका बारेमा सरोकालाहरुलाई गाउँपालिका स्तरमा अभिमुखीकरण गरीने छ । साथै सम्बन्धीत निकायको उपस्थितीका सार्वजनीक सुनुवाई गरीने छ ।

**कार्यक्रम संचालनः** कर्मचारीलाई परियोजना बारेमा तथा HRBA सम्बन्धी तालिम संचालन गरीने छ । तालिम संचालन पछि लक्षित वर्ग पहिचानका लागि PRA का Tool प्रयोग गरी लक्षित वर्ग पहिचान गरीने छ । लक्षित वर्ग पहिचान पश्चात सरोकारवालाहरुको रोहवरमा किशोरी समुह स्थापना हुनेछ । किशोरी समुह स्थापना पछि किशोरी साक्षरता कक्षा परियोजना कार्यन्वन योजना अनुरुप कार्यान्वयन गरीनेछ ।

किशोरी कक्षा संचालनमा पाठ्यपुस्तक अध्यापन समयावधी विवरण

| क्र.सं. | पाठ्पुस्तक | अवधी |
|---|---|---|
| १ | प्रशिक्षण प्रशिक्षक हाते पुस्तिका | १ महिना SSSSSSSS |
| २ | लेखा ब्यावस्थापन सम्बन्धि सामुदायीक बैंक Village Bankबचत लेखा तालिम | २ दिने |
| ३ | व्यावसाय तर्फ भाग ३ ब्यासायीक योजना | १ महिना SSSSSSSSSSS |

**८. संभावित उपलब्धीहरु**

परियोजना संचालन तथा कार्यान्वन पश्चात देहायबमोजीमका उपलब्धिहरु प्राप्त हुनेछन् ।

| उद्देश्य | उपलब्धी | क्रियाकलाप |
| --- | --- | --- |
| उद्देश्य नं. १ | ७५ % निरक्षर किशोरी साक्षरता हुने छन् । | • साक्षरता कक्षा संचालन<br>• सिकाई वातावरण सृजना |
| | १५ % महिला मानव अधिकार, महिला अधिकारका बारेमा जानकार भई किशोरीहरुको नेतृत्व विकासमाका साथै महिला शसक्तिकरणमा वृद्धि हुनेछ । | • अन्तरक्रिया, कार्यशाला गोष्ठी, छलफल कार्यक्रम संचालन<br>• दीवसीय कार्यक्रम संचालन,<br>• सचेतामूलक सांस्कृतीक कार्यक्रम<br>• नेतृत्व विकास तालिम<br>• र्याली संचालन<br>• अभियान संचालन<br>• अध्ययन अवलोकन भ्रमण<br>• पैरवी योजनाको कार्यान्वियन<br>• जनप्रतीनीधीहरुलाई महिलाको अर्थपूर्ण सहभागीताका लागी जिम्मेवारी बोध |
| | सामाजिक तथा घरेलु हिंसामा कमी हुनुका साथै सामाजिक विकासमा अपनत्व वृद्धि हुनेछ । | • मानव तथा महिला अधिकारका विषयमा तालिम संचालन<br>• सचेतानमूलक कार्यक्रम संचालन<br>• पैरवी  योजना कार्यान्वयन |
| | ५० % छुवाछुत, लैंगिक विभेद, छाउपडी प्रथा, जारी प्रथा, बोक्सी प्रथा जस्ता सामाजिक कुसंस्कार तथा अन्धविश्वास घट्ने छ । | • अन्तरक्रिया, कार्यशाला गोष्ठी, छलफल कार्यक्रम संचालन<br>• दीवसीय कार्यक्रम संचालन,<br>• सचेतामूलक सांस्कृतीक कार्यक्रम<br>• नेतृत्व विकास तालिम<br>• र्याली संचालन<br>• अभियान संचालन<br>• अध्ययन अवलोकन भ्रमण<br>• पैरवी योजनाको कार्यान्वियन<br>• सडक नाटक<br>• सांस्कृतीक कार्यक्रम संचालन |
| उद्देश्य नं. २ | ६५ % किशोरीहरु मासीक नियमीत वचत गरीरहेका हुने छन् । | • किशोरी समुहमा मासीक वचत गर्न अभ्यास गराउने<br>• अय अर्जनका लागि Village Bank सामुदायीक बैंक को अवधारणा संचालन तथा कार्यान्वयन गर्ने |
| | २५ % किशोरीहरु आयआर्जन क्रियाकलाप संचालन गरी आत्म निर्भर हुन सक्षम भएका हुने छन् | • आयआर्जन सम्बन्धी अध्ययन अध्ययापन गर्ने<br>• व्यवासयीक तालिम संचालन गर्ने<br>• व्यवसाय संचालनका लागी उत्पेरीत तथा आवश्यक रकम व्यवस्थाका लागी पहल गर्ने |

**९. कार्यक्रमहरुको बिवरण:**

किशोरी समुहपलाँता गाउँपालिका वडा नं ७ ८ र ९ वडाहरुमा संचालन गरीने छ । परियोजनामा देहायबमोजीमका क्रियाकलाप संचालन गरीने छन् साथै आवश्यक क्रियाकलाप थप गरी समेत संचालन गर्न सकिनेछन् ।

| क्र. सं. | क्रियाकलाप | स्थान/स्तर/चरण | इकाई | जम्मा क्रियाकलाप संख्या |
|---|---|---|---|---|
| 1. | परियोजना परिचय /अभिमुखीकरण | गाउँपालिका स्तर | Event | ३ |
| 2. | सार्वजनीक सुनुवाई | | Event | ९ |
| 3. | सहजकर्ता छनौट | ७ ८ र ९ वडाहरुमा | Event | २७ |
| 4. | सहजकर्ताहरुलाई अभिमुखिकरण तालिम | प्रथम चरण | Event | १ |
| 5. | किशोरी समूह गठन | ७ ८ र ९ वडामा | Event | ३ |
| 6. | साक्षरता कक्षा संचालनका लागी कक्षा संचालन सामाग्री खरीद तथा ढुवानी | ७ ८ र ९ वडामा | Event | ३ |
| 7. | नियमीत मासीक वचत संकलन खाताहरु | साक्षरता कक्षाहरुमा | Event | ८ |
| 8. | जनप्रतीनीधीहरुसँग अन्तरक्रिया | वडा स्तरमा | Event | ३ |
| 9. | सरोकारवालाहरुसँग कार्याशाला गोष्ठी | वडा स्तरमा | Event | ३ |
| 10. | दिवशिय कार्यक्रम | क्लष्टर स्तरीय | Event | १५ |
| 11. | किशोरी लक्षित कार्याशाला गोष्ठी | क्लष्टर स्तरीय | Event | २१ |
| 12. | स्थानीय कल्चर सँस्कृतक कार्यक्रम | क्लष्टर स्तरीय | Event | ३ |
| 13. | साक्षरता कक्षामा सडक नाटक | | Event | १५ |
| 14. | समाजिक अभियान रर्याली | | Event | ३ |
| 15. | वक्तृत्वकला, हाजीरीजवाफ प्रतीयोगीता | क्लष्टर स्तरीय | Event | ८ |
| 16. | सचेतनामूलक साँस्कृतीक कार्यक्रम | | Event | १६ |
| 17. | धामी झाँक्री भेटघाट | | Event | १२ |
| 18. | गाउँपालीका स्तरीय कार्याशाला गोष्ठी | | Event | ३ |
| 19. | अध्ययन अवलोकन भ्रमण | अन्तर वडा गाउँपालिका स्तरीय | Event | ३ |
| 20. | परियोजना समीक्षा | गाउँपालिका स्तर | Event | ३ |
| 21. | दोस्रो पून ताजकीयतालिम सहजकर्तालाई | | Event | १ |
| 22. | नेतृत्व विकास तालिम सहजकर्तालाई | | Event | १ |
| 23. | HRBA तालिम सहजकर्ताहरुलाई | | Event | १ |
| 24. | GESI सम्बन्धी तालिम | | Event | १ |
| 25. | प्रतीनिधीद्धारा अनुगमन | साक्षरता कक्षाहरुमा | Event | १ |
| 26. | सहजकर्ताहरुलाई अभिमुखिकरण तालिम | प्रथम चरण | Event | १ |
| 27. | मासीक कर्मचारी बैठक | | Event | १२ |
| 28. | सरोकारवालहरुसँग समन्वयात्मक बैठक | | Event | २ |
| 29. | पैरवी योजना तयार | | Event | २७ |
| 30. | पैरवी योजना कार्यान्वयन | किशोरी साक्षरता कक्षाहरुमा | Event | ८ |
| 31. | व्यावसायीक तालिम | | Event | ८ |
| 32. | कार्यक्रम अनुगमन तथा बिस्तृत मुल्यांकन डिजिटल प्रबिधिबट प्रतिफलमा आधारित सिकाई उपलब्धि मापन | | Event | २ |

| | | | | |
|---|---|---|---|---|
| 33. | कार्यक्रम सम्बन्धि भिडिओ तयारी कार्यक्रम संचालन पूर्व, मध्य तथा  अन्तीम पटक | | Event | ३ |
| 34. | आयआर्जन क्रियाकलाप संचालन | | किशोरी समुहमा | ८ |

## १०. रणनीतीहरु

रणनीतीक तत्व १ः समुदायमा लैगींक तथा महिला अधिकारका बारेमा सचेतना वृद्धि

महिला पुरुषको डरलाग्दो खाडलका कारण वर्षेनी ठुला ठुला समयाहरु झेलीरहेको पलाँता गाउँपालिकाका पछाडी महिलाहरु र किशोरीहरुमा आफ्ना अधिकारका बारेमा जानकार नहुनु नै मुख्य समस्या हो । जसकालागि सवल केन्द्रमा मानव अधिकार, महिला अधिकारका विषयमा पाठ्यवस्तु समेटीएको छ । उक्त विषयवस्तु को सहजीकरण बाट महिला, अधिकार, घरेलु हिंसा, लैंगीक विभेद, जातीय विभेद, वाल विवाह न्यूनीकरण जस्ता सवालमा महिलाहरुको सचेतना वृद्धि हुनेछ । समुदायमा सामाजिक सावलका विषयमा अन्तरक्रिया, कार्याशाल गोष्ठी, दिवशीय कार्यक्रम, र्याली, पैरवी योजना कार्यान्वयन तथा अभियान संचालन गरीने भएकाले समुदायमा महिला अधिकार तथा लैंगिंक विभेद तथा समुदाय विकासमा सचेतनाको वृद्धि हुनेछ ।

रणनीतीक तत्व २ः वचत गर्ने वानीको विकास

किशोरी समुहमा वचतका महत्वका बारेमा विस्तृत रुपमा छलफल गरी वचतले महिलाहरुका जीवनमा पार्ने प्रभाका बारेमा प्रशिक्षीत गरीनेछ । फजुल खर्चहरुलाई घटाएर मासीक वचत गर्न सकेको खण्डमा आई पर्ने आपत विपदका बेला खर्च टार्न सजीलै सकीने कुरालाई बोध गराएर वास्तवीक जीवनमा लागु गर्नका लागी उत्प्रीत गर्ने । वचत गरी राखेको पैसाले आकस्मकि औषधोपचार तथा छोराछोरीका लागी कापी कलम किन्नकालागी सहज हुने कुरालाई बोध गराइनेछ । वचतको अवधारणालाई महशुसीकरण गर्ने गरी फजुल खर्च घटाउनका लागी उत्प्रेरति गरी सवल केन्द्रका महिलाहरुले नियमीत मासीक वचत गर्ने बानीको विकास भएको हुनेछ ।

रणनीतीक तत्व ३ः आयआर्जन क्रियाकलापमा संलग्न

परम्परागत खेती प्रणली अपनाइरहेका पलाँतावासी महिला र किशोरीहरुका लागि आयआर्जन क्रियाकलापका बारेमा व्यासायीक योजनाको अध्यापन गराई सहजीकरण गरी व्यवसायीक रुपमा संभावीत उद्यम संचालन गर्न उत्प्रेरति गर्ने । उद्यम संचालनका लागि व्यवासायीक तालिम संचालन पश्चात आवश्यक पुँजीको व्यवस्थापन पहल गरीने छ । किशोरी समुहमा नै जम्मा भएको वचतबाट पनि स साना पेसा व्यवसाय संचालन गर्नका लागी उत्प्रेरीत गरी आयआर्जनका क्रियाकलापमा संलग्न गराइनेछ ।

## ११.समावेशी अवधारणाः

पलाँता गाउँपालिकामा रहेका विपन्न परीवार, दलित, फरक क्षमता, एकल महिलाहरुका लाई प्राथमीकतामा राखी परियोजना संचालन गरीने छ । जसमा पछाडी पारीएका वर्गलाई विकासको मूलधारमा ल्याउनका लागी आवाज विहीनको आवाज सम्बोधन गर्नका लागी, सकारात्मक धारणा जागृत गर्नका लागी तथा सबैको सामुहीक विकास गर्नका लागी एवं सहभागीता सुनिश्चीत गर्नका लागी अयअर्जनको अवधारणालाई अवलम्वन गरीनेछ ।

# परिच्छेद ३

## कार्यक्रम बजेट स्रोत साधन तथा परिचालन सम्बन्धी ब्यवस्था

### १२. कार्यक्रम बजेट तथा कोषः

क) परियोजनाकोलागिआवश्यकवित्तियश्रोत (बार्षिकबजेटतथाकार्यक्रमअनुसूची१ अनुसार)गाउँपालिकामार्फतउपलब्धहुनेछ।

ख) गाउँसभाबाट स्विकृत बार्षिक बजेट तथा योजनाको आधारमा बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०७४ र अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

ग) लेखाब्यवस्थापनतथाखर्चकोफाँटवारीरमासिकखर्चकोविवरणगाउँपालिकालेराख्नेछ।

घ) परियोजनासंचालनगर्दाहुनेखर्चहरुमापारदर्शितारमित्रब्ययीताकोसिद्धान्तअवलम्बनगरिनेछ।

## परिच्छेद ४

## साझेदारी संस्थाको भूमिका तथा दायित्व

### १३. साझेदारी संस्थाको भूमिका तथा दायित्व

(क) भोकमरी अन्त्य र साक्षरता बृद्धिका लागि पलाँताका  किशोरी सशक्तिकरणका कार्यक्रम संचालन गर्न आवश्यक प्राबिधिक सहयोग गर्न सक्ने ।

(ख) कार्यक्रम संचालन वा सामाजिक सहजीकरणमा सहयोग गर्ने ।

(ग) कार्यक्रम संचालनका लागि नियुक्त भएका कर्मचारीको क्षमता अभिबृद्धीका लागि आवश्यक सहजीकरण गर्ने ।

(घ) कुनै धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, क्षेत्र वा समुदायको अपमान, घृणा वाद्धेष फैलाउने गरी सार्वजनिक अभिव्यक्ति दिन नहुने ।

(ङ) कार्यक्रमको प्रगती प्रतिवेदन, सिकाइ, समस्या, चुनौती र उपलब्धी तथा राम्रा अभ्यास सम्बन्धी भिडीयो डकुमेन्टी निर्माण गर्ने ।

(च) कार्यक्रमलाइ थप प्रभावकारी बनाउन सरोकारवाला संग बैठक, छलफल, गोष्ठी चलाउने र आवश्यक पर्ने स्रोत सामाग्री निर्माण गर्ने ।

## परिच्छेद ५

## अनुगमन तथा मुल्याकन र प्रतिवेदन

पलाता गाउँपालिका

## १४. अनुगमनको संरचनाः

परियोजना उपलब्धीमुलक रुपमा कार्यान्वयनकालागि अनुगमन अपरीहार्य रहेको हुन्छ । किशोरी समुहको नियमीत अनुगमन मूल्यांकन तथा सुझाव सल्लाहका लागी देहावमोजीमको अनुगमन संरचना अपनाईने छ

| क्र.सं. | पदाधिकारी | समय | विषय | पटक |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र साझेदारी संस्थाको प्रतिनिधि | किशोरी समुह स्थापना पछि | किशोरी समुहको प्रारम्भीक अवस्था अवलोकन तथा मूल्यांन एवं सुझाव सल्लाह | एक पटक |
| २ | वडा अध्यक्ष | महिनाको अन्तीममा | किशोरी साक्षरता कक्षाको प्रगती मूल्याकंन तथा सुझाव सल्लाह | प्रत्येक महिनाको एक पटक |
| ३ | परियोजना निर्देशक | अर्ध वार्षिक | किशोरी समुहको प्रगती मूल्याकंन तथा सुझाव सल्लाह | वर्षका २ पटक |
| ५ | सुपरभाईजर | द्धैमासीक | किशोरी समुहकोप्रगती मूल्याकंन तथा सुझाव सल्लाह सहजीकरण | वार्षिक ६ पटक तथा आवश्यकतानुसार |
| ६ | सामाजिक परिचालन | मासीक | किशोरी समुहकोप्रगती मूल्याकंन तथा सुझाव सल्लाह सहजीकरण | वार्षिक १२ पटक अनिवार्य तथा आवश्यकतानुसार |
| ७ | किशोरी समुहको तथा गाँउपालिका स्तरका सरोकारवाला निकाय | वार्षिक | किशोरी समुहकोप्रगती मापन गरी  सुझाव सल्लाह | २ पटक परियोजना अवधी भर |

## १५.कार्यक्रम प्रतीवेदनः

परियोजनामा संचालन भएका क्रियाकलाहरुको कार्यक्रम प्रतीवेदन मासीक रुपमा तयार गरीनेछ । मासीक प्रतीवेदन एक प्रती गाउँ पालिकाको कार्यालयमा रहने छ आवश्यकता अनुसार एक प्रती साझेदारी संस्था संग राखीनेछ ।

# परिच्छेद ६

# विविध

## १६.गुनासो सुनुवाई संयन्त्रः

पर्वतीय गाउँपालिका

परियोजना कार्यक्रम संग सम्बन्धीत उजुरी तथा गुनासाहरुको सुनुवाइ गर्न संस्थाले आवश्यक सम्यन्त्र निर्माण गर्ने छ ।

**१७. तटस्थ र निष्पक्षताः**

कार्यक्रममा संलग्न व्यक्तिहरु तटस्थ र निष्पक्ष रहनु पर्नेछ । निश्चित अवधिभर तोकेको र जिम्मेवारी दिएको कामको परिधिभित्र रहेर काम गर्नु पर्नेछ ।

**१८. कार्यविधि खारेजी तथा बचाउः**

कार्याविधि थप परिमार्जन गर्नु पर्ने भएमा गाउँपालिकाले कार्यापालिका बैठक बाट अनुमोदन हुने गरी परिर्माजन गर्न सक्ने छ । यो परियोयनाको अवधि २ वर्षको हुनेछ र कार्यक्रम सम्पन्न पश्चात यो कार्याविधि खारेज भएको मानिने छ ।

पलाँता गाउँपालिका